नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३११

पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौं

मिति २०८१/०३/०२ गते।
ने.सं. ११४४ तछलाथ्व १०, आइतबार

# प्रेस विज्ञप्ती-४४

## 'नक्कली सवारीचालक अनुमतिपत्र जारी गर्ने कार्यमा संलग्न कर्मचारी पक्राउ'

यातायात व्यवस्था विभागको केन्द्रीय सवारीचालक अनुमतिपत्र प्रणाली (Electronic Driving License- EDL ) प्रणाली लागु हुनुभन्दा अगाडि Driving License (DL) प्रणाली कार्यान्वयनमा रहेको, EDL (Electronic Driving License EDL) प्रणालीमा स्थानान्तरण हुन बाँकी सवारीचालक अनुमतिपत्रहरु Papercard विधि मार्फत् यातायात व्यवस्था कार्यालयले EDL (Electronic Driving License- EDL) प्रणालीमा ईन्ट्रि गरि सवारीचालक अनुमतिपत्रहरु वितरण गर्ने व्यवस्था रहेकोमा यसरी Papercard विधि मार्फत् यातायात व्यवस्था कार्यालयहरुले सवारीचालक अनुमतिपत्र वितरण गर्दा यातायात व्यवस्था कार्यालयका कर्मचारीहरु समेतको मिलेमतोमा प्रणालीमा फर्जी विवरणहरु ईन्ट्रि गरि सोका आधारमा गैह कानूनी तवरले सवारीचालक अनुमतिपत्र जारी भएको पाईएको हुँदा सो कार्यमा संलग्न तपशिलका कर्मचारीहरुलाई पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ म्याद लिई लिखत सम्बन्धी कसूर मुद्दामा अनुसन्धान भईरहेको व्यहोरा जानकारीको लागि सूचित गरिन्छ।

**तपशिल:**

**पक्राउ परेकाहरुको विवरण:**

१) जिल्ला स्याङ्जा, चापाकोट नगरपालिका वडा नं. ९ सेरा फुलबारी स्थायी ठेगाना भएका यातायात व्यवस्था कार्यालय बुटवलका तत्कालिन कार्यालय प्रमुख वर्ष ४५ को उपसचिव केशव अर्याल ।

२) जिल्ला नवलपरासी, रामग्राम नगरपालिका, वडा नं. ५ ड्राईभर चोक स्थायी ठेगाना भएका यातायात व्यवस्था कार्यालय नवलपरासी (ब.सु.प.)मा कार्यरत कम्प्यूटर अधिकृत वर्ष ३७ को पदम राज आचार्य ।

३) जिल्ला पाल्पा तानसेन नगरपालिका वडा नं. ३ धोविधारा स्थायी ठेगाना भएका तत्कालिन यातायात व्यवस्था कार्यालय बुटवलमा कार्यरत वर्ष ३३ को शाखा अधिकृत छैठौं सुवास पौडेल।

४) जिल्ला तनहुँ किहु गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी बर्दघाट सुस्ता पूर्व गैडाकोट नगरपालिका ठेगाना भएका यातायात व्यवस्था कार्यालय चितवनमा कार्यरत वर्ष ३० को सहायक कम्यूटर अपरेटर राजेश लम्शाल।

५) जिल्ला सिरहा मिर्चैया न.पा. वडा नं. १ घर भएका यातायात व्यवस्था कार्यालय जनकपुर धनुषामा कार्यरत सहायक कम्प्युटर अपरेटर बर्ष ४७ का दिलिप कुमार शाह।

**प्रहरी उपरीक्षक**
(होबिन्द्र बोगटी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मितिः- २०८१/०३/०२ गते